# मङ्गलसैन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मङ्गलसैन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

☎: ०९७-६२०१३८
☎: ०९७-६२०२०२
☎: ०९७-६२०१६५
email:
mmunicipalityachham@gmail.com
mmun.infoofficer@gmail.com
web: www.mangalsenmun.gov.np


## <u>नगरपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी पेश गर्ने सम्बन्धी सुचना ।</u>

(प्रकाशित मितिः २०८२/०९/०७)

प्रस्तुत विषयमा यस मङ्गलसैन नगरपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिस्पर्धात्मक विधिबाट प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने मङ्गलसैन नगरपालिकाको मिति २०८२/०४/३० गतेको कार्यपालिकाको निर्णयानुसार नगरपालिकाको लोगो निर्माण गर्न ईच्छुक व्यक्तिले तपसिलका शर्तहरु पालन गर्दै सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र नगरपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

खकेन्द्र बहादुर सौडारी
प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल:</u>

- लोगोमा समावेश हुनुपर्ने अनिवार्य तत्वहरुः
  - क. नगरपालिकाको नाम,
  - ख. नगरपालिकाको आदर्श वाक्य "समृद्धिको मार्गमा मङ्गलसैन"
  - ग. नेपालको झण्डा,
  - घ. मङ्गलसैन नगरपालिकाको स्थापना भएको वर्ष,
- लोगोले नगरपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्काउने हुनपर्नेछ ।
- जातीय विभेद र साम्प्रदायिकतालाई प्रशय हुने खालको संकेतिकरण नभएको हुनुपर्नेछ ।
- राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आंच आउने संकेत प्रयोग नभएको हुनुपर्नेछ ।
- लोगोमा समावेश भएका संकेत हरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ ।
- पेश भएको डिजाइनमा मूल्यांकन समितिबाट परिमार्जन सुझाव आएमा परिमार्जित डिजाइन स्वीकृत गर्न सकिनेछ ।
- लोगोको स्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।
- प्रस्तावित लोगोको Hard Copy र Soft Copy दुवै पेश गर्नु पर्नेछ ।
- लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नु पर्नेछ ।
- मूल्याङ्कन समितिबाट छनोट भएको उत्कृष्ट लोगोका लागि रु. ३००००/- (तीस हजार) पुरस्कार प्रदान गरिनेछ ।
- ईमेल ठेगानाः <u>mmunicipalityachham@gmail.com</u> मा लोगो पठाउनुपर्नेछ ।



CamScanner